नेपाल सरकार

## संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

### (संघीय मामिला शाखा)

सिंहदरबार, काठमाडौं ।

(छाप: नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं)

प.सं. २०७८/७९
च.नं. १९

मिति: २०७८/०५/२८

श्री जिल्ला समन्वय समिति सबै,
श्री स्थानीय तहहरु सबै,

**बिषयः- आवश्यक कारवाही सम्बन्धमा।**

गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.न. ३७० मिति २०७८/०५/१४ गतेको पत्रबाट नेपाली सेनाका स्थापित सैनिक ईकाइहरुसँग मिल्ने गरी विभिन्न संघ संगठनले नामाङ्करण गरेको र सैनिक पोशाकहरुसँग मिल्दोजुल्दो पोशाक प्रयोग भएको देखिएकोले उक्त कुराहरुको नियमन गरी व्यवस्थित गर्ने व्यहोराको पत्र आवश्यक कारवाहीका लागि लेखि आएकोले उक्त पत्रको प्रतिलिपि र नेपाली सेनाको जङ्गी अड्डाबाट प्राप्त पत्रको प्रतिलिपि यसै साथ सम्लग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(महेश कुमार दाहाल)
शाखा अधिकृत

बोधार्थ
श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदबार ।
श्री सूचना तथा प्रविधि शाखा- सबै जि.स.स र स्थानीय तहको email id मा पठाईदिनुहुन ।

श्री प्रशासन शाखा
प्रति सूचना प्रविधि शाखा
वेवपेजमा अपलोड गरिं)
२०७८/०६/०६



Scanned with CamScanner

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np

पत्र संख्या:- शा.सु. ०७८/०७९/५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २६०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७८/०५/१४

विषयः आवश्यक कारवाही सम्बन्धमा ।

श्री संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा सञ्चार प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा रक्षा मन्त्रालय (आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा) को च.नं. ३८ मिति २०७८/०४/२९ गतेको पत्रबाट हालका दिनहरुमा विभिन्न संघसंस्था, राजनैतिक दल तथा तिनका भातृ संगठनहरुले नेपाली सेनाका स्थापित सैनिक ईकाइहरुसँग मिल्ने गरी आ-आफ्नो नामाकरण र सैनिक पोशाकहरुसँग मिल्दो जुल्दो पोशाकको प्रयोग गरी विभिन्न सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गरी रहेको देखिन आएको विषयहरुमा नेपाली सेनाको ध्यानाकर्षण भएको व्यहोरा जानकारी गराउदै नीति तथा योजना निर्देशनालय, जङ्गी अड्डाको प.सं. १४७८/१८/वि.पो./०७८/०७९/१४ मिति २०७८/०४/१२ गतेको पत्र संलग्न राखी उक्त पत्रमा उल्लेखित विषयहरुका सम्बन्धमा आवश्यक कार्यार्थ अनुरोध भई आएको हुँदा सो पत्रको छायाँप्रति पाना २ यसैसाथ सलग्न राखी तहाँ मन्त्रालयसँग सम्बन्धित विषयमा आवश्यक कारवाही हुने व्यवस्थाको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सिहदेव गौतम)
शाखा अधिकृत

बोधार्थः
श्री रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

Scanned with CamScanner

नीति तथा योजना निर्देशनालय
जङ्गी अड्डा
काठमाडौं
नेपाल

प.सं.: १४७८/१८/वि.पो./०७८/७९/१४ मिति:२०७८/०४/१२ गते ।

श्रीमान् निमित्त सचिवज्यू,
रक्षा मन्त्रालय,
सिंहदरबार ।

विषय: नेपाली सेनाको संरचनासँग मिल्दो जुल्दो नाम तथा पोशाकहरुको प्रयोग सम्बन्धमा

१. हालका दिनहरुमा विभिन्न संघ संस्था, राजनैतिक दल तथा तिनका भातृ संगठनहरुले नेपाली सेनाका स्थापित सैनिक ईकाइहरुसँग मिल्ने गरी आ-आफ्नो नामाकरण गरी विभिन्न संचार माध्यमहरुबाट प्रचार प्रसार गरि रहेको देखिन आएको । उदाहरणको रुपमा नेपाली सेनाको उपत्यका कमाण्डको नामसँग मिल्दोजुल्दो नाम तथा सैनिक पोशाकहरुसँग मिल्दोजुल्दो पोशाकको प्रयोग सम्बन्धमा विभिन्न संचार माध्यम तथा सामाजिक सञ्जालहरुमा प्रचार प्रसार भई रहेका विषयहरुमा नेपाली सेनाको ध्यानाकर्षण भएको ।

२. उपरोक्त सन्दर्भमा वन मन्त्रालय अन्तर्गतको सशस्त्र वन रक्षकहरुले समेत नेपाली सेनाले प्रयोग गरिरहेको पोशाक तथा दर्ज्यानी चिन्हहरुसँग मिल्न जाने पोशाक तथा दर्ज्यानी चिन्ह प्रयोग गर्ने गरेकोमा सो समेत परिवर्तन भईसकेको जानकारी प्राप्त भएको । साथै, विभिन्न निकायहरुद्वारा व्यापारिक प्रयोजनको लागि खडा भएका सुरक्षा संस्थाहरु (Security Agencies) तथा व्यक्तिगत वा कार्यालय सुरक्षाका लागि प्रयोग भएका व्यक्तिहरुले समेत नेपाली सेना तथा अन्य सुरक्षा निकायहरुसँग मिल्दो जुल्दो पोशाक आदी प्रयोग गर्ने गरेको पाइएको ।

३. यसरी विभिन्न व्यक्ति तथा संस्थाहरुले नेपाली सेना वा अन्य सुरक्षा निकायहरुसँग मिल्दो जुल्दो नाम, पोशाक तथा चिन्हहरुको प्रयोग गर्दा अनाधिकृत कार्यहरुमा संलग्न हुन सक्ने तथा कार्यगत रुपमा द्विविधा पर्न जाने हुँदा नेपाली सेना तथा राष्ट्रका अन्य सुरक्षा निकायको नाम समेत मुछिन सक्ने सम्भावना रहेको ।

Scanned with CamScanner

नीति तथा योजना निर्देशनालय
जङ्गी अड्डा
काठमाडौं
नेपाल ।



४. तसर्थ, राज्यका सबै सुरक्षा निकायहरुको कानुनद्वारा निर्धारित नाम, पोशाक तथा दर्ज्यानी चिन्हहरु (Insignia) हुने गरेको हुँदा विभिन्न निकायहरुबाट गठन वा खडा हुने, संघ संस्थाहरुले आफ्नो नामाकरण, पोशाक र चिन्हहरु प्रयोग सम्बन्धमा नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिएर मात्र निश्चित मापदण्ड अनुसारको नाम, पोशाक र चिन्हहरु प्रयोग गर्ने, तथा नेपाल सरकारका सम्बन्धित निकायहरुबाट नियमन तथा नियन्त्रण गर्न सक्ने गरी कानुनी व्यवस्था लागु गर्न आवश्यक देखिएको ।

५. साथै, हालको लागि नेपाली सेना तथा अन्य सुरक्षा निकायहरुले प्रयोग गर्ने नाम, पोशाक तथा चिन्हसँग मिल्दो जुल्दो नाम, पोशाक तथा चिन्हहरु प्रयोग गरिरहेका त्यस्ता निकायहरुलाई उक्त नाम, पोशाक तथा चिन्हहरु परिवर्तन गर्न सरकारबाट निर्देशन भई यसको नियमित अनुगमन हुनुपर्ने आवश्यकता महसुस गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

(पूर्णचन्द्र थापा)
महारथी
प्रधान सेनापति

Scanned with CamScanner